# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:५ संख्या: ६

नगरसभाबाट स्वीकृत मितिः२०८०/०३/०८
स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८०/०३/१२

## भाग १

## देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८०

**प्रस्तावनाः**

देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८०, देवचुली नगरपालिकामा युवा सशक्तिकरण, युवा उद्यमशीलता एवम्  नेपाली संस्कृतिक महत्व वुझाउन, खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद

देवचुली नगरपालिका राजपत्र

पूर्वाधार निर्माण, खेलाडिको व्यवसायिक सुरक्षा, वडास्तरीय, नगरस्तरीय प्रदेश, राष्ट्रिय अन्तर्राष्ट्रिय युवा सम्मेलनहरू तथा खेलकुद प्रतियोगितामा युवाको सहभागिता जनाउने वातावरण सिर्जना गर्ने र युवा तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम देवचुली नगरपालिकाको द्रोस्रो नगर सभाको तेस्रो अधिवेशनले यो ऐन बनाएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० रहको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "युवा भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई सम्झनु पर्दछ।

ख) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक कृयाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हाँसिल गर्ने क्रियाकलापहरुमा सक्रिय रहने कार्य सम्झनुपर्छ र सो शब्दले प्रचलित व्यवसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलालाई समेत जनाउँछ।

ग) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित नगर युवा तथा खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ।

घ) "युवा तथा खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ।

ङ) "अपांगता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपांग भएका युवा सम्झनुपर्छ।

च) “तोकिएको’ वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ ।

छ) “युवा तथा खेलकुद समिति” भन्नाले दफा ३ बमोजिम गठित भएको नगर युवा तथा खेलकुद विकास समिति सम्झनु पर्छ ।

ज) “सदस्य” भन्नाले दफा ३ बमोजिमको समिति सदस्य सम्झिनु पर्छ ।सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ ।

झ) “सदस्य-सचिव” भन्नाले दफा ३ बमोजिम नगर युवा तथा खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ

ञ) “समिति” भन्नाले दफा ३ बमोजिम गठित भएको युवा तथा खेलकुद विकास समिति सम्झिनु पर्छ ।

ट) नगरपालिका भन्नाले देवचुली नगरपालिकालाई सम्झनु पर्छ ।

ठ) “नगर प्रमुख” भन्नाले देवचुली नगरपालिकाको नगर प्रमुखलाई

ड) “उप प्रमुख” भन्नाले देवचुली नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

ढं) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले देवचुली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ण) “कार्यपालिका सदस्य” भन्नाले देवचुली नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

त) “सल्लाहकार समिति” भन्नाले दफा ४ वमोजिम गठन भएको सल्लाहकार समिति बुझ्नुपर्दछ ।

**३)** **नगर युवा तथा खेलकुद विकास समितिः**

१) नगरमा खेलकुदको विकास गर्नको लागि देहाय वमोजिमको १५ सदस्यीय नगर युवा तथा खेलकुद विकास समिति गठन हुनेछ।

क) नगर प्रमुखको प्रस्तावमा नगर कार्यपालिकाबाट मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख) नगर कार्यपालिकाबाट मनोनित गरेको व्यक्ति -उपाध्यक्ष

ग) नगर कार्यपालिकाबाट मनोनित नगरपालिकाको नगर सभा सदस्य एक जना - सदस्य

घ) नगरपालिकाको नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख - सदस्य

ङ) नगरस्तर तथा जिल्ला स्तरमा युवाहरूको क्षमता विकास,नेतृत्व विकास वा आर्थिक बिकास गर्ने क्षेत्रमा सरिक भई काम गरेका मध्येबाट नगर कार्यपालिकाबाट मनोनित एक महिला सहित - ३ जना - सदस्य

च) विगतमा नगरस्तर तथा जिल्ला स्तरका खेलाडी वा रेफ्री वा प्रशिक्षक वा अध्ययन अनुसन्धान प्रवर्धनात्मक कार्य गरेका खेलकुद विज्ञ वा व्यवस्थापक मध्येवाट नगर कार्यपालिकाबाट मनोनित एक महिला सहित ४ जना- सदस्य

छ) फरक क्षमता भएका युवा तथा खेलाडी मध्येबाट नगर कार्यपालिकाबाट मनोनित गरेको एक जना- सदस्य

ज) युवा तथा खेलकुद पत्रकार मञ्चको  नगर कार्यपालिकाबाट मनोनित प्रतिनिधि एक जना - सदस्य

झ) नगरपालिकाको शिक्षा , युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको व्यक्ति  एक जना- सदस्य

ञ) नगर कार्यपालिकाले नियुक्ति गरेको व्यक्ति- सदस्य सचिव

२) समितिको बैठकमा युवा तथा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

३) खण्ड (ङ) देखि (ञ) सम्मका सदस्य मनोनित गर्दा नगरको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

४) समितिको सबै काम कारवाहीको निमित्त आफनो छुट्टै छाप हुनेछ ।

५) समितिको चल अचल सम्पत्ति नगरपालिकाको हुनेछ ।

६) समितिको सचिवालय नगरपालिकाको नगर कार्यपालिकामा रहनेछ ।

## ४. सल्लाहकार समिति गठनः

१) युवा तथा खेलकुद विकास र प्रवर्धन एवम् समितिलाई मार्गदर्शन गर्न देहाय वमोजिमको सल्लाहकार समिति रहनेछ ।

क) नगर प्रमुख : संयोजक

ख) नगर उपप्रमुख : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य

ङ) युवा तथा खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हाँसिल गरेका व्यक्तिहरुमध्येबाट समितिबाट मनोनित  ५ जना  : सदस्य

देवचुली नगरपालिका राजपत्र

## ५. पदावधि :

१) (दफा ३ को उपदफा (२) बमोजिम गठित समितिका पदेन बाहेकका सदस्यहरुको पदावधी तीन बर्षको हुनेछ ।

२) दफा ३ को उपदफा २ बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

३) उपदफा १ मा जुनसुकै कुरा लेखिएतापनि दफा ३ को उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुले आफनो पदीय जिम्मेवारी पूरा नगरेको, समितिको हित विपरित कुनै काम गरेको वा पद अनुरुपको आचरण नगरेको त्यस्तो भन्ने लागेमा नगरपालिकाले त्यस्तो सदस्यलाई मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै बखत हटाउन सक्नेछ ।

**६ सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरिक,

ख) पदेन बाहेकका कर्मचारी,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

घ) १८ वर्ष उमेर पुरा नभएको,

**७. सदस्यता नरहने अवस्थाः** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ ।

क) दफा ६ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरीएमा,

ख) राजिनामा गरेमा,

ग) मृत्यु भएमा,

देवचुली नगरपालिका

घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

ङ) दफा ५ को उपदफा (३) बमोजिम मनोनयन गर्ने निकाय वा अधिकारीले हटाएमा ।

## ८. सदस्य सचिवको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः

१) दफा ३ को उपदफा १ ञ बमोजिम नगरकार्यपालिकाले देहाय वमोजिमको योग्यता पुगेका व्यक्तिलाई नियुक्ती गर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) प्रविणता प्रमाणपत्र वा सो सरह परीक्षा उत्तिर्ण गरेको,

(ग) राष्ट्रियस्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा विशेषज्ञता हासिल गरेको,

घ) २५ वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको,

(ङ) कुनै कानूनले अयोग्य नठहरीएको ।

२ सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा कम्तिमा देवचुली नगरपालिका सहायक चौथो तहमा कार्यरत कर्मचारीले पाउने सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था बमोजिम हुनेछ । निजले नियुक्ति भएको मिति देखि तलब एवं वार्षिक रुपमा चाडबाड खर्च पाउनेछ ।

## ९. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) युवा तथा खेलकुद समिति सन्बन्धमा निति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वयन गर्ने, गराउने,

देवचुली नगरपालिका राजपत्र

(घ) समितिबाट स्वीकृत युवा तथा खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

च) वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,

## १०. पद रिक्त हुने अवस्थाः

१) देहायको अवस्थामा सदस्य सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिने छ ।

क) नगर समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा तथा नगरले निजलाई पदबाट हटाएमा

(ग). नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा ।

## ११ समितिको बैठक र निर्णय :

१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

२) समितिको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

देवचुली नगरपालिका राजपत्र

५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १२. समितिको काम, कर्तव्य र अधिकार

१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

### खेलकुद तर्फ

क) नगरलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

ख) नगरस्तरीय लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

ग) अन्तर नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

घ) खेलकुद तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

ङ) खेलकुदको विकास प्रवर्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने
गराउने,

देवचुली नगरपालिका राजपत्र

छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

ज) नगरको भूगोल तथा सन्तुलनका आधारमा समानुपातिक रुपमा खेलकुद विकास समिति गठन गर्ने र उक्त जनसंख्याको समितिलाई समन्वय र आवश्यक निर्देशन दिने,

झ) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धी संघ–संस्थाको नियमन गर्ने,

ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनोट गरी विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउँदा परिषदको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ ।

ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि नगर समक्ष सिफारिस गर्ने,

ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने, फरक क्षमता भएका व्यक्तिको
खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगता सञ्चालन गर्न व्यवस्था गर्ने गराउने,

ड) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

ढ) खेलकुद पर्यटनको विकास गर्ने,

ण) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

त) नगर खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

थ) खेलाडीको अभिलेख राख्ने,

द) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

ध) अध्यक्षले नगरको बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

देवचुली नगरपालिका राजपत्र

न) खेलकुदमा महिला सहभागिता विस्तार गर्न विभिन्न प्रतियोगिता आयोजना गर्ने,

प) नगरपालिका भित्रका संघ, संस्था, क्लवहरुले खेलकुद प्रतियोगीताको आयोजना गर्दा नगर युवा तथा खेलकुद समितिको अनिवार्य स्वीकृती लिनु पर्ने व्यवस्थालाई कार्यान्वयन गराउने ।

फ) जिल्ला खेलकुद विकास समितिसँग आवश्यक सहकार्य र समन्वय गर्ने ।

फ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

## युवा तर्फ

क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने,

ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

ग) समितिकासँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

ङ) युवालाई नगर तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

च समितिको वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

देवचुली नगरपालिका राजपत्र

छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार,नगरपालिकालाई सुझाव दिने,

ज) नगर स्तरमामा युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने,

झ नगर स्तरमा युवा सप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रीय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने,

ट) युवाका क्षेत्रमा संघ, प्रदेश र पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

ठ) औपचारिक शिक्षाबाट बञ्चित युवाका लागि आबश्यक सीपमुलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

ड) युवाका लागि रोजगारी अभिवृद्दि गर्न उद्यमशीलता तथा अन्य सीपमुलक एवम् व्यवसायिक तालिम प्रदान गर्ने ।

ढ) अपागंता भएका युवालाई लक्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मैत्रीपूर्ण, प्रतिस्पर्धात्मक र मनोरञ्जनात्मक खेलहरु सञ्चालन गर्ने ।

ण) युवाहरुको खाली समय सदुपयोग गर्न विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्ने ।

देवचुली नगरपालिका राजपत्र

त) विभिन्न समस्यामा परेका एवम् लागुऔषध प्रयोग गरिरहेका युवाका लागि परामर्श तथा समाजमा पुर्नस्थापना गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने ।

ड) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## १३ वडा स्तरीय युवा तथा खेलकुद विकास समिति

१) नगर युवा तथा खेलकुद विकास समिति मातहतमा देहाय वमोजिमको वडा स्तरीय युवा तथा खेलकुद विकास समिति रहने छन् ।

क) वडाको वडा अध्यक्षको प्रस्तावमा वडा कार्यसमितिले तोकेको व्यक्ति -अध्यक्ष

ख) वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य

ग) युवा तथा खेलकुद क्षेत्रमा कम्तिमा १ वर्ष कार्य गरेको व्यक्तिहरु मध्येबाट ३ जना -सदस्य

घ) संघ संस्थाबाट एक जना महिला सहित दुई जना -सदस्य

३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १४. युवा तथा खेलकुद सम्बन्धी संस्थाको आवद्दता तथा नविकरण :

१) युवा तथा खेलकुद सम्वन्धी कियाकलाप आयोजना गर्ने क्लव संघ वा संस्थाको आवद्दता नगर युवा तथा खेलकुद समिति हुनेछ ।



देवचुली नगरपालिका राजपत्र

२) यस अघि अन्य निकायमा दर्ता तथा सुचीकृत अध्यावधिक युवा तथा खेलकुद सम्बन्धी संस्था यो ऐन लागु भएपछि यस ऐन बमोजिम आवद्द हुनु पर्नेछ ।

दफा १४ को उप दफा १ बमोजिम आवद्ध हुन चाहने युवा तथा खेलकुद सम्बन्धी सस्थाले देहाय बमोजिमका विवरण खुलाई अनुसूची ३ बमोजिम समितिमा निवेदन दिनुपर्नेछ ।

क) संस्था वा क्लवको नाम :

ख) संस्था वा क्लवको ठेगाना :

ग) संस्था वा क्लवको सम्पर्क नं र इमेल आइडि :

घ) संस्था वा क्लवको सन्चालक समितिको नाम, पद,ठेगाना र सम्पर्क नं. :

ङ) संस्था वा क्लवको दर्ता प्रमाणपत्र

च) संस्था वा क्लवको संस्था नविकरण प्रमाणपत्र

छ) संस्था वा क्लवको पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन

ज) आबद्ध हुने निर्णयको प्रतिलिपी ।

(३) दफा १४ को उपदफा २ वमोजिम आवद्दता प्राप्त गर्ने संस्था वा क्लव, आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र नविकरण भई सक्नुपर्नेछ ।

## १५. आवद्दता गर्न सक्नेः

(१) दफा १४ बमोजिम नाम आवद्दता वा नविकरण गराउनको लागि दरखास्त परेमा समितिले १५ दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम वा नविकरण गर्न सक्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(२) समिति उपदफा (१) बमोजिम नाम आवद्दता भएमा आवद्द गरिएको सूचना र नाम आवद्दता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा २ वमोजिम आवद्दता हुने संस्थालाई अनुसूची ४ वमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ ।

**१६. विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम समितिमा नाम आवद्दता भएको युवा तथा खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम आवद्दता लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरी सूचना तीस दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफारको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

## १७. हिसावको श्रेष्ता राख्नुपर्ने :

१) युवा तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको आम्दानी खर्चको हिसाबको श्रेष्ता तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम युवा तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको जाँचबुझ नगरले जुन सुकै बेला गर्न गराउन सक्नेछ ।

## १८ निर्देशन दिनेः

(१) समितिले संस्थालाई युवा तथा खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित युवा तथा खेलकुद संस्थाको हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

(२) उपदफा(१) बमोजिम समितिले निर्देशनको पालना नगर्ने सम्बन्धी युवा तथा खेलकुद संस्था वा दफा १७ बमोजिमको समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेष्ता नराख्ने वा रकम हिनामिना गर्ने युवा तथा खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो आवद्दता बाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम समितिले आवद्द भएका कुनै युवा तथा खेलकुद सम्बन्धी संस्थाको कट्टा गरेमा त्यसको सूचना सम्बन्धित युवा तथा खेलकुद संस्थालाई दिनु पर्नेछ ।

**१९. स्वीकृति लिनु पर्नेः** युवा तथा खेलकुद सम्वन्धी संस्थाले राष्ट्रिय, अन्तराष्ट्रिय युवा सम्वन्धी कार्यक्रम वा खेलकुद प्रतियोगिता सञ्चालन र अन्य देशका युवा तथा खेलाडीलाई आमन्त्रण गर्ने तथा अन्तराष्ट्रिय स्तरमा सञ्चालन हुने युवा एवम् खेलकुद विषयको सभा सम्मेलनमा भाग लिन प्रचलित कानुन वमोजिम स्वीकृती लिनुपर्नेछ ।

**२० समितिको कोषः** १) समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ र कोषमा देहायको रकम रहनेछ

क) नेपाल सरकार र प्रदेश सरकार, न.पा. वाट प्राप्त रकम,

(ख) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(ग) खेलकुद सम्बन्धी पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

घ) खेलकुद प्रर्दशन गरी आर्जन भएको रकम,

ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान रकम,

च.) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

देवचुली नगरपालिका राजपत्र

छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) समितिको नामबाट गरिने सबै खर्च कोषवाट व्यहोरिने छ ।

(३) समितिको कोषमा बाँकि रहने रकम बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

(५ समितिको आफ्नै बैंक खाता हुनेछ ।

## २१. सम्झौता गर्दा नगरपालिकाले स्वीकृत लिनु पर्नेः

नगरपालिकाले आफ्नो युवा तथा खेलकुद सम्वन्धि कार्य सञ्चालनको शिलशिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

## २२ लेखा र लेखापरीक्षणः

१) समितिको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२) समितिको आन्तरिक लेखा परीक्षण देवचुली नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ ।

३) समितिको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

४) नगरपालिकाले समितिको आय व्ययको लेखा तथा सो सम्बन्धी कागजात नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## २३. सदस्यको भत्ताः

१) सदस्यले नगरपालिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

देवचुली नगरपालिका राजपत्र

२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

## २४. समितिमा रहने कर्मचारीः

१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरपालिकाबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी राख्न सक्नेछ ।

२ नगरपालिकाले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।

३ उपदफा (१) बमोजिमका कर्मचारी आवश्यकता अनुसार नगरपालिकाले उपलब्ध गराउनेछ ।

४ उपदफा १,२ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको कार्य सञ्चालन गर्न समितिको सदस्य सचिवले कर्मचारीको रुपमा पूर्ण अधिकार सहित काम गर्न सक्नेछ ।

**२५. अधिकार प्रत्यायोजनः** समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई
प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## २६ नगरपालिकाले निर्देशन दिन सक्नेः

(१) नगरले युवा तथा खेलकुदको विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

## २७ सजाय र कारबाहीः

१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ ।

(क) समितिले दिएको निर्देशन पालना नगर्ने युवा तथा खेलकुद विकास समिति वा युवा तथा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पांच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोऱ्याएमा समिति वा संस्था खारेजी सम्म पनि गर्न सक्नेछ ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणमलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा पांच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध । नगरस्तरको खेलकुद प्रतियोगिताको हकमा- दश हजार रुपैया जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलवाट प्रतिवन्ध ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिन भित्र नगरपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

## .२८ प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अवस्थाः

१) नगरले युवा तथा खेलकुदको विकासका लागि ***नगर युवा तथा खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान*** स्थापना गर्न सक्नेछ ।

**२९. सपथ ग्रहण गर्नुपर्नेः** समितिका अध्यक्षले नगर प्रमुख समक्ष तथा पदेन सदस्य बाहेकका अन्य सदस्यहरुले आफ्नो कार्यभार सम्हाल्नु अघि समितिको अध्यक्ष समक्ष अनुसूचि २ वमोजिमको सपथ लिनुपर्नेछ ।

**३०. बार्षिक प्रतिवेदनः** समितिले आफ्नो वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र नगर पालिका समक्ष पेश गर्नुपर्नेछ ।

३१. **भाग लिन नहुनेः** समितिको सदस्यले समितिको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन पाइने छैन

**३२. नियम बनाउने अधिकार**

यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**३३ यस ऐन बमोजिम हुने** :

यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३४. खारेजी** : देवचुली नगरपालिकाको खेलकुद विकास ऐन, २०७८ र सो बमोजिम बनेका समिति लगायतका सम्पूर्ण संरचनाहरु खारेज गरिएको छ ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची २
## (ऐनको दफा २९ सँग सम्वन्धित)

### शपथ

म ............................................. इश्वरको नाममा सपथ लिन्छु की नगर युवा तथा खेलकुद विकास समितिको ........................... पदको हैसियतले मलाई तोकिएको काम, मैले जाने वुझेसम्म कर्तव्य सम्झी नगरपालिका तथा समितिप्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालचा, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानुन एवम् युवा तथा खेलकुद विकास ऐनको अधिनमा रही पालना गर्नेछु र देवचुली नगरपालिकाको समग्र युवा तथा खेलकुदको विकासको लागि सदैव उत्साहित भई अग्रसर हुनेछु ।

| शपथ ग्रहण गर्नेको प्रमाणित गराउनेको | शपथ ग्रहण गरेको |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |
| | कार्यालयः |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ३
## (दफा १४ को उपदफा २ सँग सम्वन्धित)

मिति

श्री युवा तथा खेलकुद विकास समिति

देवचुली नगरपालिका

विषय : आबद्ध हुन पाऊँ।

यस देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन २०८० बमोजिम युवा तथा खेलकुद विकास समिति सँग आबद्ध हुन चाहेकाले देहायको विवरण खुलाइ आवश्यक कागजात संलग्न गरी आबद्धताका लागि यो निवेदन पेश गरेका छौ । समिति सँग आबद्धता भएमा पालना गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छौ।

१. संस्था वा क्लवको नाम :

२. संस्था वा क्लवको ठेगाना :

३. संस्था वा क्लवको सम्पर्क नं र इमेल आइडि :

४. संस्था वा क्लवको सन्चालक समितिको नाम, पद,ठेगाना र सम्पर्क नं. :

५. संस्था वा क्लवको दर्ता प्रमाणपत्र :

६.संस्था वा क्लवको संस्था नविकरण प्रमाणपत्र :

७. संस्था वा क्लवको पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन :

८.आबद्ध हुने निणर्यको प्रतिलिपी :

देवचुली नगरपालिका राजपत्र

निवेदक

नाम, थर :

दस्तखत :

पद :

सम्पर्क नं. :

संस्था वा क्लवको छाप

देवचुली नगरपालिका राजपत्र

## अनुसूचीः ४
## दफा १५ को उपदफा ३ सँग सम्वन्धित

श्री ....... ले मिति ................मा यस समितिमा आवद्ध हुन पाउँ भनी दिएको निवेदन उपर कारवाही हुँदा समितिको मिति ................. को निर्णयानुसार त्यस संस्था/क्लव लाई देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० को दफा १५ को उपदफा ३ वमोजिम देवचुली नगरपालिका युवा तथा खेलकुद विकास समितिमा आवद्ध गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. आवद्धता नं.

२. आवद्धता कायम रहने अवधि

३. प्रमाणपत्र जारी गर्ने अधिकारीको

क. नाम, थर

ख. पद

ग. मिति

४. समितिको छाप

| समितिको छाप |
|---|

यस पानाको पछाडि नविकरण सम्वन्धी विवरण रहने ।

| सि.नं. | नविकरण मिति | नविकरण वहाल रहने मिति | नविकरण गर्ने कर्मचारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकी अधिकृत

देवचुली नगरपालिका राजपत्र